# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, बैशाख ८ गते, २०८२ साल (अतिरिक्ताङ्क ०१(क)

## भाग २

### गण्डकी प्रदेश सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

**<u>अस्पताल व्यवस्थापन समिति (पहिलो संशोधन) गठन आदेश, २०८२</u>**

अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश विकास समिति ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम “अस्पताल व्यवस्थापन समिति (पहिलो संशोधन) गठन आदेश, २०८२” रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८० को दफा ३ को उपदफा (१) मा संशोधन:</u>** अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८० को दफा ३ को उपदफा (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"च) सम्बन्धित जिल्लाका सामाजिक क्षेत्रमा क्रियाशील महिलाहरुमध्ये मन्त्रालयले मनोनयन गरेको कम्तीमा प्रविणता प्रमाणपत्र तह उपाधि प्राप्त एक जना -सदस्य।"

आज्ञाले,
डा. विश्वबन्धु बगाले
प्रदेश सरकारको सचिव ।

मुद्रक: गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.१०।-